सम्पादकीय

सामाजिक सेवा कार्य दिवसको सार्थकता

'समाजसेवालाई तन, मन र बचनले आत्मसाथ गरौं' भन्ने नाराका साथ यो बर्षको सामाजिक सेवा कार्य दिवस आज नेपालमा मनाईदैछ। हरेक बर्ष चैत ४ गते मनाइने यो दिवस २०३४ सालमा समाज कल्याण परिषद् स्थापना भएको दिनलाई स्मरण गर्दै मनाउने गरिन्छ। सामाजिक क्षेत्रमा काम गर्नेहरूका लागि यो दिवसले प्रेरणा र प्रोत्साहन दिने गरेको कुरामा दुईमत छैन। यो दिवसको नाराले पनि सामाजिक क्षेत्रमा लागेकाहरूको सम्मान गर्नुपर्ने सन्देश दिएको छ। उनीहरूको सेवाको उच्च सम्मान गर्नुपर्ने यो दिवसको नारा र ध्येय पनि हो। सामाजिक सेवा कार्यमा पछिल्लोसमय त्यति ध्यान जान नसकेको परिस्थितिमा यो दिवसले फेरिपनि समाजमा केही योगदान गर्छु भन्नेहरूका लागि नयाँ बाटो दिलाउने विश्वास गर्न सकिन्छ। विशेषगरि सामाजिक क्षेत्रमा काम गर्नेहरूका लागि यो दिवस एउटा विशेष पर्व हो। समाजमा राम्रो काम गर्नेहरूले स्वाभाविक रूपमा राज्यबाट सम्मान खोज्छन र योगदानको कदर होस भन्ने चाहन्छन। तसर्थ यो दिवसको अवसरमा राज्यले सामाजिक क्षेत्रमा काम गर्नेहरूलाई सम्मान गर्ने पद्धतीको सुरुवात गर्नुपर्दछ। सामाजिक कार्यलाई राष्ट्रिय गौरव भनिएको छ। यो नारामा कुनै विमति छैन। समाजका कमजोर तथा असहाय व्यक्ति, वर्ग र समुदायलाई जीवनयापन गर्न सक्षम बनाउन समाज कल्याण परिषद् गठन गरिएको थियो। परिषदले निकै ठूलो काम गरेको थियो तर पछिल्लोसमय यसको प्रभावलाई कमजोर बनाइएको छ। सामाजिक सेवा क्षेत्रमा काम गर्नेहरूका लागि आफ्नो सेवाको उत्सव मनाउने दिन पनि आजै हो। सामाजिक कार्यकर्ताहरूले समाजमा ठूलो भूमिका खेलेका हुन्छन्। समाज रूपान्तरणका लागि उनीहरूले खेलेको भूमिका विर्सनु हुँदैन। यद्यपी अझै पनि सामाजिक कार्यलाई अन्य विषयजस्तै स्वीकार्न नसकिएको अवस्था भने विद्यमान छ। यसो हुनु राम्रो होइन। सामाजिक कार्यकर्ताको भूमिकाको सही मूल्यांकन गरिनुपर्छ। सामाजिक सेवामा समर्पित सेवीहरू राष्ट्रका गौरव र अमूल्य निधि नै हुन्। अर्कोतर्फ सम्मृद्धि र सुखको लागि सामाजिक रूपान्तरण र उद्यमशीलता बढाउन यो दिवसले योगदान पुऱ्याउँदै आएको छ। तर, अहिलेपनि सामाजिक क्षेत्रमा काम गर्नेहरूलाई समाजले राम्रो नजरले हेर्दैन। यद्यपि यो अपवाद हुनसक्छ। सामाजिक क्षेत्रमा योगदान गर्छु भन्नेहरूलाई राज्यले समेत दुःख दिएको धेरै घटना छन्। देशकै लागि योगदान गर्छु भन्नेहरूलाई यसरी हतोत्साही गर्ने काम राज्यबाट हुन्छ भने भोली सामाजिक सेवाको अभियान नै ध्वस्त हुन सक्छ। तसर्थ यो दिवसकै अवसरमा सरकारले सेवा भाव राख्नेहरूलाई दुरुत्साहन होइन प्रोत्साहन गर्नु जरुरी छ। सामाजिक क्षेत्रलाई राष्ट्रिय गौरव मानिएको छ। वास्तवमा सेवाको भाव आफैमा महत्वपूर्ण छ। सामाजिक सेवा कार्यमा समर्पितहरू राष्ट्रिय गौरव नै हुन। किनभने सामाजिक सेवाको कार्यले समाजलाई उन्नत बनाउन सकिन्छ भन्ने कुरामा विमति छैन्। अर्को महत्वपूर्ण पक्ष के छ भने सामाजिक कार्य दिवस खुसीसंग पनि जोडिएको छ। सामाजिक कामले वास्तवमै खुसी र सन्तुष्टी दिन्छ। आज मानिस हरेक क्षेत्रबाट दुःखी भैरहेको बेला सामाजिक कार्यबाट खुसी मिल्नेगरी अघि बढ्न सकेको अवस्थामा निश्चितरूपमा त्यो समाजकै लागि उपलब्धिको बाटो हुनेछ। तसर्थ सामाजिक कार्यको क्षेत्रमा लाग्नेहरूलाई प्रोत्साहित गर्ने काम राज्यको हो। उपादेयता र सन्दर्भ पुष्टी गर्ने क्रममा यो दिवसलाई आम जनमानससम्म पुऱ्याउँदै सामाजिक सेवाको महत्व उदघाटित गरियोस्। राज्य आफैले सामाजिक क्षेत्रको उत्तरदायित्व बहन गर्न नसकिरहेको बेला कम्तिमा पनि यो दिवसको सन्दर्भमा प्रोत्साहन गर्नु जरुरी छ। तसर्थ अत्यन्त महत्वपूर्ण यो दिवसलाई केवल औपचारिकतामै मात्र सीमित नगरियोस्। दिवस मनाएर मात्रै औपचारिकता पूरा गर्नुभन्दा कम्तिमा दिवसको सन्देश जनजनमा पुऱ्याउनेतर्फ सरोकारवाला निकायको ध्यान जाओस्।

अब बन्ने सरकारको काम र प्राथमिकता

चतुर्भुज आत्रेय

देशका अर्थशास्त्रीहरू के भन्छन भने राजाको पंचायतकालमा नेपालको बार्षिक बजेटको ७५ प्रतिशत बिकास बजेट हुन्थ्यो र साधारण खर्चमा २५ प्रतिशत मात्र बजेट छुट्याइन्थ्यो। यसैगरी बहुदलीय व्यवस्थाको स्थापना पश्चात ०४६ देखि ०५० सम्म बजेटको साधारण र विकासतर्फको खर्च ५०/५० प्रतिशत खर्चको अथवा बराबर हुन थाल्यो। त्यो अहिले आएर ७० प्रतिशत साधारण खर्च हुन्छ भने विकास बजेटमा छुट्याइएको खर्च ३० प्रतिशत पनि समयमा खर्च नगरेर बजेटको धेरै भाग 'असारे बिकासमा' खर्च गरिन्छ भने त्यसबाट पनि बचाएर रकम फिर्ता गरेर अर्को बर्षको बजेटमा जोडिन्छ। यस्तो भएपछि विकासको गति कसरी अगाडी बढ्छ ? आज हामी नेपाली जनतालाई चौतर्फी समस्याले अनबरत रूपमा पिरोलीरहेको छ। तर, सरकारी स्तरबाट यसको समाधानको उपाय खोज्नु भन्दा ढाटढुट, छलछाम र देखावटी प्रयासको बाटो अपनाइयो। बाटो पिच हुन्छ माथी माथी अलीअली अलकत्राले ठोकेर तल जम्मै माटै माटो। पुलहरू बन्छन संचालनमा आएको बर्षदिन पुग्न नपाउदै गऱ्ल्याम गुर्लुम भत्केर खण्डहरूको रूपमा अवशेष देख्न पाइन्छ। इन्जिनियरलाई कारवाही हुदैन। ठेकेदारलाई कारवाही हुँदैन। उच्च गुणस्तरको देखाइ कम गुणस्तरको सामान सप्लाई गर्ने व्यापारीलाई कारवाही हुदैन। हरेक आयोजनाहरूमा यही रोगको प्रकोप छ। यसको बिरोध गर्दा ठूलाबडाहरूको कोपाजन हुनुपर्दछ। पत्रकार लेखकहरूलाई "साइवर अपराधको मुद्दा लाग्छ, पार्टी कार्यकर्ताहरूलाई पार्टीको अनुशासन तोडेर नेताको बिरोध गरी "प्रतिगमनकारी पुनरउत्थानकारी" शक्तिलाई सघाउ पुऱ्याएको अभियोग लागेर पार्टी अनुशासन तोडेको भनी निष्काशनमा पारिने डर हुन्छ। नत्र ठेकेदारका गुण्डा डनहरूको रामधुलाईमा परिन्छ। यसरी आफ्ना मनमौजा र चरम भ्रष्टाचार तथा दुराचारका बिरुद्ध औला ठड्याउनेहरूलाई सत्ता र शक्तिमा रहेकाहरू यहाँ के- के गर्छन के के भनिरहनु पर्दैन। तर "जुन जोगी आएपनी कानै चिरेका " भनेजस्तै जुन सरकार आएपनि नेपाल देशलाई र नेपाली जनतालाई सधैभरी पुराना समस्याबाट प्रताडित भैरहनु पर्दा मन दुख्छ, चित्त कुँडिन्छ। भित्रैबाट उठेको आक्रोसले औडाहा बनाएर मन धमिलो हुन्छ, अमिलिन्छ तर अब भने हेरौ के हुन्छ। नेपाली जनताका अगाडी एउटामात्र समस्या होइन अनेकौ समस्याले गिज्याइरहेका छन। खाद्यान्न उत्पादन गर्ने पहाडतिरका किसानलाई बाँदर र बँदेलले बाली नाली नष्ट गरिदिने समस्या र जनतन उत्पादित फसल र तरकारी एवं फलफूललाई समुचित भण्डारणको समस्या छ। त्यस्तै तराइतिर पूर्वी तराईमा जंगली हात्तिको समस्या छ भने पश्चिम तराई खासगरी बाँके, बर्दिया, कैलाली तिरका ग्रामिण बस्तीहरूका किसानलाई नरभक्षी बाघको आक्रमणबाट अकालमै कालको हुनुपर्ने सन्त्रासको त्राही माम छ। खाद्यान्नको अभाव र यसको मूल्यमा आकास छुने वृद्धिको अनियन्त्रीत चरित्रले बाँच्नको लागि नभै नहुने खाद्यान्नको समस्याले पिरोलिएका गरिव गुरुवा एवं अत्यन्तै न्यून आय भएका न्यून बैतनिक कर्मचारी तथा

> आफ्नै गरा पाखामा अन्नबाली तथा फलफूल र तरकारी खेती गर्न पाइने, उब्जनीलाई सरकारले किनिदिएर हातमा पैसा थमाईदिने, त्यही पैसाको केही भाग कोल्डस्टोरमा शेयर लगानी गर्ने अवसर जुर्ने हो भने आम्दानीको बाटो घरमै खुल्ने थियो र घरकै आटो पिठो खाएर मेलापात अर्मो पर्मो, घाँस सोत्तर, खेतीपाती र गोठभरी डिँगा पालेर प्रशस्त गोरस उत्पादन गरी डेरी संचालन पनी गर्न सकिने भएपछी आफ्नो जन्मभूमी छोडेर र दलालहरूलाई प्रशस्तै पैसा ख्वाई खाडी मुलुकको चर्का घाममा मजदुरी गर्न को जान्थ्यो र ?

सुकुम्बासी जनताको आहाल र चित्कार देख्दा छाती पिटी पिटी रुन मन लाग्दछ। खाद्यान्नकै कुरा गर्दा पंचायत कालमा नेपाल खाद्यान्नको लागि पुरै आत्मनिर्भर थियो। आत्मनिर्भर मात्र होइन भारत, जापान लगायत बिभिन्न देशहरूमा मनग्गै अन्न निर्यात गरेर प्रशस्तै बिदेशी मुद्रा आर्जन गर्थ्यौं। धान चामल निर्यात कम्पनीले भारत लगायत समुन्द्रपारका कैयन देशहरूमा चामल निकासी गर्थ्यौं भने खाद्य संस्थानले सुदूर पूर्व र सुदूर पश्चिमका बिकट र हिमाली जिल्लाहरूमा घोडा च्याङ्ग्रा खच्चडहरूबाट खाद्यान्न ढुवानी गराई सस्तो मूल्यमा चामल वितरण गरिन्थ्यो। अहिले बाटा घाटा बने। यातायातको ठूलो समस्या छैन, तर स्थानिय उत्पादन बचाउन पनि बाँदर मार्न नपाईने हुँदा बाँदर ढेडु र बदेल मृगलाई रमाउन भएको छ। बिचरा किसानहरू आफ्ना दश नंग्रा खियाएर उब्जाएको अन्नले ३/४ महिना पनि धान्न धौ धौ को अवस्थामा छन्। यो समस्यालाई कसले बुझिदिने ? अब हेरौ यो नयाँ सरकारले के गर्छ ? सरकारले किसानका समस्याहरूलाई राम्ररी बुझेर मनन गरिदिने हो भने हाम्रो बर्तमान जनसंख्यालाई पुग्ने भन्दा बढी नै अन्न उत्पादन हुन सक्छ। किसानबाट उत्पादित अन्नलाई समयमै सरकारले किनिदिएर भण्डारण गरी समुचित वितरणको सु-प्रबन्ध मिलाउने हो भने अधिराज्यका सबै बिकट भागका जनतालाई भोकमरीको सामना गर्नु पर्थेन। साथै नेपाल जस्तो कृषिप्रधान जस्तो देशले बाहिरबाट खाद्यान्न पैठारी गर्दा बर्सेनी खरबौ रूपैया बिदेश पठाउन पर्दैनथ्यो। त्यो पैसा उद्योगमा लगानी हुनसक्थ्यो।

ए सरकार कुरा सुन- अब अरू सबै कुरा छोडेर हिमाल, पहाड, तराई सबै क्षेत्रका किसानलाई अन्न, फलफूल उत्पादन, संरक्षण र समुचित वितरणमा राम्रो ध्यान दिई ठाउँ ठाउँमा अन्न भण्डारणको व्यवस्था मिलाऊ। स्थानिय उत्पादनमा आधारित फलफूल एवं तरकारीको नियमित आपूर्ती देश भित्रै गर्न सकिने र बिदेशमा समेत निर्यातको लागि प्रत्येक गाउँपालिकमा एक एक शीतगृह र (कोलस्टोर) स्थापना र संचालन गर्न किसानहरूसंग साझेदारी गरी शेयर उठाएर निजी तथा सरकारको संयुक्त लगानीमा यसरी काम गर। सरकाको रेखदेखमा आफ्नै गरा पाखामा अन्नबाली तथा फलफूल र तरकारी खेती गर्न पाइने, उब्जनीलाई सरकारले किनिदिएर हातमा पैसा थमाईदिने, त्यही पैसाको केही भाग कोल्डस्टोरमा शेयर लगानी गर्ने अवसर जुर्ने हो भने आम्दानीको बाटो घरमै खुल्ने थियो र घरकै आटो पिठो खाएर मेलापात अर्मो पर्मो, घाँस सोत्तर, खेतीपाती र गोठभरी डिँगा पालेर प्रशस्त गोरस उत्पादन गरी डेरी संचालन पनी गर्न सकिने भएपछी आफ्नो जन्मभूमी छोडेर र दलालहरूलाई प्रशस्तै पैसा ख्वाई खाडी मुलुकको चर्का घाममा मजदुरी गर्न को जान्थ्यो र ? कुरा बुझ सरकार! जनतालाई पहिलेकाले सधै आहत दिए, अब राहत देउ। जनतालाई काम दिलाउ। काम गरेपछि दाम आउँछ। हातमा दाम परेपछि क्रय शक्तिः बढ्छ। आम जनसमुदायको किन्ने क्षमता वृद्धि हुँदा व्यापार व्यवसायहरू मौलाउने र विस्तुत रूप लिन थाल्छ। यसले आयात घटाउँछ साथै निर्यात बढाउँछ। आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन आर्थिक उन्नती तथा सम्पन्नताको एक मात्र आधार हो। यसलाई सरकारले मात्र होइन जनताले पनि मूल मन्त्र मानेर काम गर्नुपर्‍यो। हातमा माबाइल लिएर जथाभावी स्टाटस लेख्दै समय खेर फाल्ने जुन अत्यन्तै नराम्रो बानीले हामीलाई प्रभाव पारेको छ। अब जनता त्यो दुस्प्रभावबाट मुक्त हुनैपर्छ र सरकार खाली भष्टाचारी र कमिशन खोरहरूलाई मन्द्राउने वातावरण तयार पारिदिएर सरकारका मन्त्री तथा हाकिमहरू अर्थात अधिकारी वर्गले उनीहरूसित चोचो मोचो मिलाई देशलाई अभाव, अनिकाल, कंगाली र चातुर्दीक छटपटीको नर्ककुण्डबाट छिट्टै मुक्ती दिलाउन अव वन्ने नयाँ सरकारको ध्यान जाओस्।

प्रतिपक्षी नै नरहने भन्ने सोंच गलत हो : डा. मिनेन्द्र रिजाल

काठमाडौं, ३ चैत । नेपाली कांग्रेसका नेता डा.मीनेन्द्र रिजालले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डीपी अर्यालको अभिव्यक्तिप्रति असतुष्टि जनाएका छन्। मंगलबार पार्टीका सांसदहरूसँगको अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै उपसभापति अर्यालले अर्को चुनावपछि प्रतिपक्षविहीन संसद् हुनेगरी काम गर्नुपर्छ भनेर दिएको अभिव्यक्ति चिन्ताजनक रहेको धारणा राखे।

उनले भने, 'यो सरकार ठिकसँग चल्यो भने त ठिकै छ तर भखरै एउटा अभिव्यक्ति सुन्दै थिएँ, अर्को पल्ट विपक्ष नै नरहने गरी जनताले भोट हाल्ने अवस्था पुऱ्याउनुपर्छ भन्ने सुनें। उहाँले काम गर्नुहोस्, सफल हुनुहोस् तर विपक्ष नै नरहने गरी दिएको अभिव्यक्ति चाँही चिन्ताजनक छ।' त्यस्तै उनले संसदमा विपक्ष नरहने सोचले पूरानो ठाउँबाट ब्रेक नपाउने बताए।

पूराना दलहरूलाई आफ्नै आन्तरिक बोझले थिचेको भन्दै त्यो बन्धनबाट मुक्त गर्ने काम रास्वपाले गर्यो भने जनताले दिएको मतको सम्मान हुन्छ कि हुँदैन भन्ने विषय पेचिलो रहेको बताए। 'भोट दिउन् भन्ने कुरा एउटा होला। अझ फराकिलो मतबाट जिताउनु भन्ने कुरा अर्को होला। तर विपक्ष नै नरहने समाजको परिकल्पना गर्ने सोचचाहीं रहिराख्यो भने राजनीतिले पूरानो ठाउँबाट ब्रेक पाउँदैन भन्ने लाग्छ मलाई,' उनले भने,' किनकी हामी हामो आफ्नै आन्तरिक बोझले थिचेको पार्टी हो।' 'हाम्रा पत्रकार छन्, शिक्षक छन्, विद्यार्थी छन्, तरुण छन्। संस्था नै संस्था छन् हाम्रो। चुनावमा जाँदाखेरि पनि सबभन्दा चित्त बुझाउन नसक्ने यस्तै संस्थाका साथीहरू भए। यो मन्त्री हुँदो यो पाएको थियो त्यो मन्त्री हुँदा यो पाएको थियो भन्ने सोचमा ग्रस्त छन्। अनि अहिले किन तपाईलाई भोट हाल्ने भनेर प्रश्न गर्नुहुन्छ। त्यो बन्धनबाट मुक्त गर्ने काम रास्वपाले गर्यो भने जनताले दिएको मतको पहिलो उपलब्धी हुने छ,' उनले भने।

अनुमति...

जिल्ला प्रशासन कार्यालय बाँकेले पनि अनुमति प्रक्रियामा अस्पष्टता देखिएको भन्दै हालसम्म अन्वेषण कार्यमा रोक कायमै राखेको जनाएको छ। प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङका अनुसार सम्झौतामा विदेशी नागरिकसहितको टोलीले अन्वेषण गर्न पाउने स्पष्ट व्यवस्था नभएकाले अनुमति नदिइएको हो। "विदेशी नागरिकले अनुमति विना यस्तो काम गर्न पाउने कुरा हुँदैन, पत्रमा उल्लेख गरिएको पनि पाइएन त्यसैले अहिले रोकेरै राखेका छौं," उनले स्पष्ट पारे। उद्योग मन्त्रालयबाट बोधार्थ पत्र प्राप्त भए पनि अन्वेषण गरिने ठोस स्थान स्पष्ट नभएको र त्यसबारे थप जानकारी संकलन भइरहेको प्रशासनले जनाएको छ।

खानी तथा भूगर्भ विभागका अनुसार हाल राप्ती र कर्णाली नदीका विभिन्न पाँच स्थानमा सुनको सम्भावना खोज्ने अन्वेषण भइरहेको छ। विभागको जीआईएस पोर्टलमा उल्लेख भएअनुसार राप्ती सोनारी क्षेत्रमा 'ग्रेस नात माइनिङ कम्पनी' ले २०८२ मंसिर २९ गतेदेखि २०८६ मंसिर २९ सम्मका लागि अन्वेषण अनुमति पाएको छ।

यस्तै, कर्णाली नदी किनारको कैलालीतर्फ पाँच स्थानमा तीन कम्पनीले अन्वेषण अनुमति लिएका छन्। टीकापुर क्षेत्रमा पर्ने चार स्थानमध्ये दुई स्थानमा 'ग्लोभहब प्राली' तथा अन्य स्थानमा 'भोल्टोरो मिनरल प्राली' र 'रिवायर नेपाल प्राली'ले अनुमति पाएका छन्। विभागका प्रवक्ता धर्मराज खड्काका अनुसार अन्वेषण अनुमति प्राप्त कम्पनीहरूले खनिजको सम्भावना अध्ययन मात्र गर्न पाउनेछन्, उत्खनन गरेर बिक्री गर्न भने पाइँदैन।

यसैबीच, राप्ती र कर्णाली नदी क्षेत्रमा परम्परागत रूपमा सुन चालेर जीविकोपार्जन गर्दै आएका खुना र सोनाहा समुदायको भविष्य र अधिकारको विषय पनि उठ्न थालेको छ। उनीहरूले नदीको स्रोतमा अनियन्त्रित अन्वेषण भए आफ्ना परम्परागत अधिकार र जीविकोपार्जन प्रभावित हुने भन्दै स्थानीय तह र प्रशासनसँग सक्रिय रूपमा समन्वय र संरक्षणको माग गरेका छन्। यस विषयमा समुदाय, प्रशासन र सम्बन्धित निकायबीच सहमतिका उपायहरू नबन्दा अन्वेषणको सुरुवात र त्यसको प्रभाव अझै अनिश्चित रहेको बताइएको छ। स्थानीय तह, प्रशासन र सम्बन्धित निकायबीच समन्वय नहुँदा अन्वेषण कार्य फेरि सुरु हुने या नहुने अझै अन्योलमै रहेको छ।

ग्यास...

वितरणमा देखिएको असन्तुलनलाई सम्बोधन गर्न हाल प्रति व्यक्ति आधा सिलिण्डर उपलब्ध गराउने व्यवस्था गरिएको छ। यसले एक व्यक्तिले बढी ग्यास लिने प्रवृत्ति घटाएर धेरै उपभोक्तामा समान रूपमा वितरण गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। नेपाल आयल निगमका लुम्बिनी प्रादेशिक कार्यालयका प्रमुख शैलेन्द्र भुषालका अनुसार भलवारीस्थित प्रादेशिक कार्यालयअन्तर्गतका सबै ग्यास डिलरलाई दैनिक कारोबार विवरण अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था लागू गरिएको छ। उद्योगबाट कति ग्यास प्राप्त भयो र उपभोक्तालाई कति बिक्री गरियो भन्ने सम्पूर्ण विवरण अब प्रत्येक दिन स्थानीय प्रशासन र प्रादेशिक कार्यालयमा बुझाउनुपर्नेछ।

भुषालले बिक्रेताबाट हुन सक्ने कृत्रिम अभाव नियन्त्रण गर्न तथा उपभोक्ताले आवश्यकता भन्दा बढी ग्यास खरिद गरी मौज्जात राख्ने प्रवृत्ति रोक्न यो कदम चालिएको स्पष्ट पारे। उनका अनुसार नियम लागू भएसँगै "ग्यास पाइएन" भन्ने उपभोक्ताको गुनासोमा कमी आउन थालेको छ। एलपी ग्यास अभाव देखिनुका पछाडि मुख्य कारण यिनै दुई पक्ष रहेको उनको भनाइ छ।

उनले यो व्यवस्थाले ग्यासको आपूर्ति र वितरणको वास्तविक अवस्था स्पष्ट रूपमा थाहा पाउन सहयोग पुग्ने बताए। साथै, उपभोक्तालाई परिचयपत्रका आधारमा ग्यास बिक्री गर्ने व्यवस्था गरिएकाले एउटै व्यक्तिले पटक-पटक खरिद गर्ने वा भण्डारण गर्ने गतिविधि पनि सजिलै पत्ता लगाउन सकिने उनको दाबी छ। रूपन्देहीको भलवारीस्थित प्रादेशिक कार्यालयमार्फत पश्चिम नवलपरासी, रूपन्देही, कपिलवस्तु, गुल्मी, स्याङ्जा, अर्घाखाँची, पाल्पा, पूर्वी रुकुम र बागलुङ जिल्लामा पेट्रोलियम पदार्थ तथा ग्यास आपूर्ति हुँदै आएको छ।

निक्षेप उपरको हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मितिः २०८२/१२/०४)

श्री मोतीराम थारुको बुहारी / कामता थारुको श्रीमती, कपिलवस्तु जिल्ला, गजेहडा गा. वि. स. / वडा नं. ०६, दरखास्तकी परिवर्तित लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा वडा नं. १० दरखास्त स्थायी ठेगाना भई लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा.वडा नं. ४ दरखास्त बस्ने ना. प्र. नं. ३०९९०७३४ कपिलवस्तु) भएकी श्रीमती ज्ञानिया थारु को नाममा यस विकास बैंकको कपिलवस्तु जितपुर शाखा कार्यालयमा बचत खाता नं. ०११०१४००७३१३६८०००००१ रहेकोमा निजको मिति २०८२/०७/२५ मा मृत्युभएको र निज मृतक ज्ञानिया थारुको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भुक्तानीको माग गर्दै कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./ वडा नं. ७ दरखास्त को परिवर्तित लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा वडा नं. १० दरखास्त स्थायी ठेगाना भई हाल लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ४ बस्ने मृतक ज्ञानिया थारु को छोरा नाता पर्ने श्री एक राज थारु ले मृतकको मृत्युदर्ता प्रमाण-पत्र (दर्ता नं. २०००१२२९०६२३१ - २) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्नेभए सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ। अन्यथा तोकिएको समय भित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदकहरु श्री एक राज थारु लाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

क्यान्टिङ्ग कार्ड हराएको सूचना

मेरो निम्न व्यहोरा भएको क्यान्टिङ्ग कार्ड मिति २०८२-१०-२५ गतेका सुनौली देखी बुटवल तर्फ आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन वा निम्न सम्पर्क नम्बरमा खबर गरि दिनुहुन अनुरोध गर्दछु।

नामः कृष्ण बहादुर थापा
Smart card no. 005
Unit no 1/1 GR
मोवाईलः ९८५०१५५४४

मानिस हराएको सुचना

गहुँगोरो वर्णको, लगभग ५ फूट अग्लो बुटवल उपमहानगरपालिका वडा नं. ४ निवासी सन्तोष कुमार गुप्ता नाम गरेको मानिस २०७५ साल देखि सम्पर्क बिहीन रहेकोले निजलाइ देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।

श्रीमतीः रश्मी गुप्ता
ठेगानाः बुटवल-४ आदर्शनगर, रूपन्देही
सम्पर्क नं.: ९८२१४५५३८९

स्थानीय सरकार
मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरेवा, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सुचना

सूचना प्रकाशित मिति २०८२।१२।०४

यस कार्यालयको सुचना नं. 11/MRMUN/WORKS/NCB/2082-83 को मिति २०८२/०८/०८ मा e-GP II System मार्फत आब्हान गरिएको तपशिलमा उल्लेखित निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरू बाट प्राप्त प्राविधिक प्रस्तावहरू मध्ये खोलिएका प्राविधिक प्रस्तावहरू बोलपत्र मुल्याङ्कन समितिबाट मुल्याङन सम्पन्न भई मिति २०८२/१२/०३ को निर्णय अनुसार तल उल्लेखित प्रस्तावदाताहरूका प्राविधिक प्रस्तावहरू सारभुतरूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज को उपनियम ५ बमोजिम निम्नानूसारको मिति, समय र स्थानमा निजहरूको आथिक प्रस्ताव खोलिने भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आर्थिक प्रस्ताव खोलिने मितिःर२०८२/१२/११ गते, बुधबार
समयःदिनको १३.०० बजे
स्थानःमायादेवी गाउपालिकाको कार्यालय , बरेवा रूपन्देही

ठेक्का नंः (11/MRMUN/W/NCB/2082-83) Construction of Gonaha Healthpost Building with Birthing Centre at Mayadevi -05

क्र श	प्राबिधिक प्रस्ताब सारभुतरूपमा प्रभावग्राही देखिएका बोलपत्रदाताको नामावली र ठेगाना	कैफियत
1	Ma Gayarti Nirman Sewa, Si Na Pa-13,Rupandehi	
2	Ranjit ranjan- Jogma JV Amarpur -7, Gulmi	
3	B.C-Highlander JV	
4	Bageshawari Nirman Sewa, Mayadevi RM -Rupandehi	
5	Rajan Nirman Sewa,Bhairahawa -Rupandehi	
6	Mama -Anupam -Shishir Barsa J/V Chhahara-04 Palpa	
7	Subarnawoti -Everest J/V	
8	A.B. Shanvi -Diamond J/V, Chormara Nawalpur	
9	Mukti Construction Pvt.ltd, Tilottam Rupandehi	
10	Sarbajanik -Siyon J/V, Bidur -01, Nuwakot	
11	TN -Ricon J/V ,Gokarneshwor-06 Kathmandu	
12	Gautam -shree Krishna J/V Bharatpur-3, Chitwan	
13	Sunami -Shivalaya J/V Bidur-07 Nuwakot	
14	S A-Jay -Ojash J/V Lu Sa Na Pa-06, Rupandehi	

प्रमुख प्रशासकीय अधिकृत

सामाजिक विकास डिभिजन कार्यालय
रूपन्देही

शिलवन्दी दरभाउपत्र प्रकाशन सम्बन्धी सूचना

सूचना प्रकाशित मिति :२०८२।१२।०४

यस कार्यालयको मिति २०८२।१२।०४ गते प्रकाशन गरिएको शिलवन्दी दरभाउपत्र- SDDO/SQ-58/082/083 र 59/082/083 गरी जम्मा २ वटा शिलवन्दी दरभाउपत्र आव्हानको सूचना सम्बन्धी सम्पूर्ण विवरण यस कार्यालयको वेभसाईट https://sddorupandehi.lumbini.gov.np तथा कार्यालयको फेसबुक पेज Sddo Rupandehi र सार्वजनिक खरिद अनुगमन कार्यालयको बेभसाईट www.bolpatra.gov.np/egp मा राखिएकोले सोही बमोजिम खरिद कार्यमा सहभागी हुन सम्पूर्ण निर्माण व्यवसायीहरुलाई अनुरोध छ ।

कार्यालय प्रमुख